
FACTSHEET
No. 02 June 2023



कृषकको लागी तथ्य पत्र
नं. ०२ असार २०८०

# मकैको ध्वाँसे थेग्ले रोग

## परिचय :

मकै बालीमा लाग्ने ध्वाँसे थेग्ले रोग (Gray Leaf Spot) एक प्रकारको ढुसीजन्य रोग हो । यो सर्कोस्पोरा जिया मेडिस (*Cercospora zeae-maydis*) नामक ढुसीको कारण लाग्दछ । यो जीवाणुले मकैबालीमा मात्र आक्रमण गर्दछ । नेपालमा सर्वप्रथम वि.सं. २०६३ सालमा काभ्रेपलान्चोक जिल्लाको ढुंखर्क गा.वि.स. बाट यो रोगको पहिचान भएको थियो । यो रोग मध्य तथा उच्च पहाडी भेग (१४००-२००० मिटर) मा प्रकोपको रुपमा देखा पर्ने गर्दछ र यसले ६०-९५% सम्म उत्पादनमा ह्रास गरेको पाईन्छ ।

## प्रमुख लक्षणहरु

» सुरुमा ढुसीले फेद नजिकको पातमा आक्रमण गरी स-साना पहेंला वा खैरा दागहरु बनाउँदछ र २ देखि ३ हप्ता भित्र पातको नशासँग समानान्तर लाम्चिला धर्सा वा थेग्लाहरुमा परिणत हुन्छन् । यिनीहरु किनारा नभएका पहेंला चतुर्भुज आकारमा लस्करै देखिन्छन् (चित्र नं. १) ।

» चित्र नं २ मा देखाए जस्तै थेग्लाहरु एक आपसमा जोडिएर पात पुरै ध्वाँसे रंगमा बदलिई डढ्छन् ।

» यो रोगले घोगाको खोस्टामा पनि आक्रमण गरी पातको जस्तै लक्षण देखाउछ (चित्र नं ३) भने बोटको डाँठमा गाढा खैरा रंगका ठूला लाम्चिला वा साना बाटुला आकारका दागहरु देखिन्छन् ।

» घोगाहरु साना, हलुका, थोते र टेढा पनि हुने गर्दछन् ।

## श्रोत तथा फैलिने अवस्था:

रोगको ढुसी बीउबाट सर्दैन । माटोमा गल्न नसकेका रोगी बोटका भागहरु जस्तैः डाँठ, पात, पातको फेंद, घोगाको खोस्टा आदि रोग फैलाउने पहिलो स्रोत हुन् । यो रोग बढ्नको लागी तापक्रम २३-३५ डिग्री सेन्टिग्रेड र सापेक्षिक आर्द्रता ९०% हुनुपर्दछ । बीउ बाक्लो गरी छर्ने, खेतबारीमा हावा कम खेल्न पाउनु र सिधा घाम नपर्नु, मलखाद सिफारिस मात्रामा प्रयोग नगर्नु, पानी निकासको व्यवस्था नहुनु आदि कारणले पनि यो रोगको प्रकोप बढ्न सहयोग गर्दछ ।

## व्यवस्थापनका उपायहरु

» रोग अवरोधक जातहरु जस्तैः गणेश-१, मनकामना-१, मनकामना-३, मनकामना-६, देउती लगाउने ।

» रोगले ग्रस्त भएका बोट तथा विभिन्न अवशेषहरु एकै ठाउँमा थुपारी जलाईदिने ।

» मकै छिटो रोप्ने (फागुन महिनाभित्र) जसले गर्दा रोग लागीहाले पनि उत्पादनमा खासै असर पर्दैन ।

» मलखादको सिफारिस मात्रा प्रयोग गर्ने र कम्तीमा २ वर्षसम्म घुम्ती बालीको रुपमा धान, गहुँ, सिमी, भटमास, आलु, जौ, तरकारी लगाउने ।

» रोग देखा पर्ने वित्तिकै कार्बेन्डाजिम ५०% डब्लु.पी. वा म्यानकोजेब ७५% डब्लु.पी. वा म्यानकोजेब ६३ %+कार्बेन्डाजिम १२% डब्लु.पी. २ ग्राम प्रति लि. पानीमा मिसाई छर्ने ।





*चित्र नं. १ः मकैको पातमा ध्वाँसे थेग्ले रोगको लक्षण - सुरुको अवस्था (दायाँ) र पहिचानात्मक लक्षण (बायाँ)*
*श्रोतः https://cropprotectionnetwork.org*



*चित्र नं. २ः रोगले मकैको पात डढेको*
*श्रोतः https://cropprotectionnetwork.org*



*चित्र नं. ३ः मकैको घोगाको खोस्टामा रोगको लक्षण*
*श्रोतः https://cropprotectionnetwork.org*

नोटः जीवनाशक विषादीको पर्खनु पर्ने अवधिलाई मध्यनजर गरि सुरक्षात्मक उपायहरु अपनाएर मात्र विषादीको प्रयोग गरौं ।

तयारकर्ताः
विवेक सुनार
बाली संरक्षण अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
केन्द्रीय कृषि प्रयोगशाला
हरिहरभवन, ललितपुर

सम्पादनः
राजिवदास राजभण्डारी
वरिष्ठ बाली संरक्षण अधिकृत

फोन नं.: ०१-५५५३७९१, E-mail: centralaglab.sspp@gmail.com, Website: www.centralaglab.gov.np